नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
जनकपुर भन्सार कार्यालय
जनकपुरधाम, धनुषा

फोन नं.: ०४१ - ५२०१६६
फ्याक्स : ०४१ - ५२०८५०
Email: janakpur@customs.gov.np

लिलामीको १५ दिने सूचना

भन्सार ऐन, २०८२ को दफा ११९ बमोजिम खुल्ला बोलकबोलद्वरा
विभिन्न मालवस्तुको सार्वजनिक (लिलाम बढावढ सम्बन्धी) १५ दिने सूचना

सूचना प्रकाशित मिति २०८३/०४/२०

यस कार्यालयमा अवैध पैठारी/निकासीको अभियोगमा वादी नेपाल सरकार र प्रतिवादी बेवारीसे भएको भन्सार निकासी/पैठारी अभियोगमा यस कार्यालयमा दर्ता भएको देहाय बमोजिमको मालवस्तु जे जस्तो अवस्थामा छ सोही अवस्थामा भन्सार नियमावली २०८३ को नियम ८५ को उपनियम (२) बमोजिम खुल्ला बोलकबोलद्वरा लिलाम बिक्रि गर्नुपर्ने भएको हुदाँ ईच्छुक व्यक्ति, फर्म, तथा संस्थालाई डाँक बढाबढमा भाग लिनको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन मिति २०८३।०५।०३ गतेका दिन (सो दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन) १२:०० बजे देखि १५:०० बजे सम्म यस कार्यालयको परिसरमा डाँक बढावढहुने छ  लिलाम लिन ईच्छुक फर्म/कम्पनिले अनिवार्य रुपमा आयकर, मु.अ. करको दर्ता प्रमाणपत्र, अन्तःशुल्क लाग्ने मालवस्तुको हकमा कारोबार गर्न प्राप्त इजाजत पत्र र आ.व. २०८२/८३ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ । डाँक बढाबढमा सबै भन्दा बढी अंक कबोल गर्ने फर्म तथा संस्थाको कबोल रकम स्वीकृत गरिने छ । कबोल अंक स्वीकृत भएको मितिले ७ दिनभित्र आफूले कबोल गरेको मालवस्तुको मुल्य र सोमा प्रचलित नियमानुसार लाग्ने कर (मु.अ.कर,अन्तःशुल्क) रकम समेत भुक्तानी गरी मालवस्तु उठाई लैजानु पर्नेछ । तोकिएको म्यादभित्र मालवस्तु उठाई नलगेमा नियमानुसार हुने व्यहोरा समेत सुचित गरिन्छ । डाक बढाबढमा आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुने रकम नगदै धरौटी बापत तत्काल जम्मा गर्नुपर्ने छ  गर्नु पर्नेछ । डाँक स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । अन्य व्यहोरा बुझ्नु पर्ने भएमा कार्यालय समयभित्र यस कार्यालयको मुद्दा शाखामा आइ बुझ्न सकिने छ । यस सुचनामा उल्लेख भए बाहेक अन्य विषयहरु प्रचलित नेपाल कानुन बमोजिम हुने व्यहोरा समेत जानकारी गराइन्छ । यो सुचना भन्सार विभागको website.www.customs.gov.np / janakpur@customs.gov.np मा समेत हेर्न सकिनेछ ।

| सि.नं. | दर्ता मिति | मुद्दा नं. | मालवस्तुको विवरण | प्रतिबेदन मुल्य |
|---|---|---|---|---|
| १ | २०८३।०४।१४ | ५८ | काजु ३९ बाल्टिन | ३९०००० |
| २ | २०८३।०४।१८ | ६२ | कुर्ता सुरुवाल १५ थान सारी ४ थान पेन्टी ७२ थान थानको कपडा ७२ मिटर | १९६६० |
| ३ | २०८३।०४।१८ | ६३ | बच्चाको फर्मवाला चप्पल २४ जोर फिते चप्पल १० जोर जेन्स ठुलो चप्पल ७ जोर जेन्स सानो चप्पल ३० जोर लेडिज चप्पल १६ जोर बच्चाको सेन्डल १० जोर लेडिज सेन्डल ७ जोर | १६१५० |
| ४ | २०८३।०४।१८ | ६६ | चिनी १० बोरा (५०० के.जी.) अचार ४ कार्टुन रजनिगन्धा र तुलसी १५ प्याकेट | ८७३०० |
| ५ | २०८३।०४।१८ | ६७ | साडी १२० पिस सुट (कुर्था)४ पिस | १२३२०० |
| ६ | २०८३।०४।१९ | ७४ | बिस्कुट २८ कार्टुन चकलेट (नरिवल) ११८ प्याकेट | १३२७६० |
| ७ | २०८३।०४।१९ | ७५ | चिराईतो २०.५ के.जी. हर्रोको धुलो ७.५ के.जी. बर्रोको धुलो ८.५ के.जी. अमलाको धुलो १३.५ के.जी. | २४१०० |
| ८ | २०८३।०४।१९ | ७६ | बच्चाको सर्ट पाईन्ट ५३ पिस स्याण्डो ५० पिस सल ६८ पिस | १७१०० |

ईति सम्वत २०८३ साल ०४ महिना २० गते ०४ रोज शुभम् ।